NJ: NUTA

# मोरङ्गिया थारू समुदायमा प्रथाजनित कानुन एवम् लोकविश्वास

**लोकनाथ दुलाल**
संस्कृति विभाग, त्रिभुवन विश्वविद्यालय
पद्मकन्या बहुमुखी क्याम्पस
dulalloknath@gmail.com
DOI: 10.3126/nutaj.v8i1-2.44120

**लेखसार :**

*मोरङिया थारू जातिमा प्रचलनमा रहेको प्रथाजनित कानुन एवम् लोकविश्वाससँग सम्बन्धित विविध पक्षको विश्लेषण यो अनुसन्धानात्मक लेखमा गरिएको छ । प्रथाजनित कानुन एवम् लोकविश्वास अमूर्त संस्कृतिको सामाजिक व्यवहार, धार्मिकअनुष्ठान तथा चाडपर्व उत्सव विधाअन्तर्गत पर्ने एउटा सशक्त पक्ष हो । सम्बन्धित जातीय समुदायलाई अनुशासित तथा विशिष्ट बनाउनुका साथै दुनियामा पृथक् पहिचान स्थापित गर्न संस्कृतिको यो पक्षले उल्लेखनीय योगदान पुऱ्याउँदछ । समाजलाई अनुशासित, मर्यादित, प्रभावकारी, व्यवस्थित र नियमन गर्ने मोरङिया थारू समुदायका केही नीति, नियम आचारसंहिता छन् । ती अमूर्त सांस्कृतिक पक्ष यस जातिका प्रथाजनित कानुन हुन् । धर्म एवम् धार्मिक आस्थासँग जोडिएका यिनीहरूका केही मूल्यमान्यता पनि छन् । ती यो जातिका लोकविश्वास हुन् । समग्रमा थारू जातिमा उहिल्यैदेखि अभ्यास गरिँदैआएका प्रथाजनित कानुन र लोकविश्वासलाई यो समुदायको जातीय कानुन मान्नु पर्दछ । मोरङिया थारू जातिको समाज एवम् समुदायको नियन्त्रण र निर्देशन परम्परादेखि स्थापित प्रथाजनित कानुनका साथै लोकविश्वासले गर्दैआएको देखिन्छ । यो समुदायका प्रत्येक सदस्यले जातीय कानुन, लोकविश्वासका साथै व्यावहारिक आचारसंहिता पालनगर्नु आफ्नो धर्म, दायित्व र कर्तव्य ठान्दछन् । पालन गर्ने र जीवनपद्धति बनाउने मात्र होइन कतिपय अवस्थामा प्रथा, प्रथाजनित कानुन र लोकविश्वासले यो समुदायलाई  सङ्गठित एवम् एकीकृत बनाई राख्न समेत सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ । प्रथाजनित कानुन र लोकविश्वासले गरेको व्यवस्थाकै आधारमा कतिपय चाडपर्व तथा संस्कारहरू सम्पन्न गरिन्छन् । त्यसोहुँदा जातीय संस्कृतिको संरक्षण संवर्द्धनमा यसको योगदान उल्लेखनीय मानिन्छ । मोरङिया थारू जातिका प्रथाजनित कानुन के के हुन् ? केकस्ता प्रकृतिका छन् ? र मोरङिया थारू समुदायमा प्रचलनमा रहेका लोकविश्वास के के हुन् ? तिनीहरूको प्रकृति कस्तो छ ? भन्ने समस्याको सम्बोधन गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । यो अनुसन्धानमा प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क एवम् सूचना विश्लेषण गरिएका छन् । यो विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुबन्धित गुणात्मक अध्ययन हो ।*

**शब्दकुञ्जीः** थारू जाति, प्रथाजनित कानुन, मोरङिया थारू, लोकविश्वास, लोकप्रथा

## पृष्ठभूमि

थारू जाति जनसाङ्ख्िक संरचनाका दृष्टिकोणले नेपालमा बसोबास गर्ने क्षेत्री, ब्राह्मण र मगर पछि चौथो ठुलो समुदाय हो । वि.सं. २०६८ को जनगणनामा महिला ८८४५०१ र पुरुष ८५२९९६ गरी नेपालमा यो जातिको कुल जनसङ्ख्या १७३७४७० रहेको छ (CBS, 2012, pp. 148-154) । यो समुदायको बसोबास विशेषतः तराईका जिल्लाहरूमा पाइन्छ। नेपालबाहिर भारतका विभिन्न स्थानमा पनि यिनीहरू बसोबास गर्दछन् । मोरङ यो जातिको बाक्लो बसोबास रहेको जिल्ला हो । यस जिल्लाको कुल जनसङ्ख्या ८४३२२० मध्ये थारू जातिको जनसङ्ख्या ६३६७३ अर्थात् ७.५५ प्रतिशत छ। यो जनसङ्ख्या पहाडे ब्राह्मण र क्षेत्री पछिको तेस्रो ठुलो हो (जिविस, मोरङ्ग, २०६५,पृ.४४-४६ ) ।

मोरङिया थारू प्रारम्भदेखि नै मोरङ्ग क्षेत्रमा बसोबास गर्ने थारू जातिकै एउटा समूह हो । अलग्गै जाति होइन । पहिलेदेखि नै बसोवास गर्दैआएका थारूहरूले पछि आउने थारूभन्दा आफूलाई अलग देखाउँन मोरङिया भनी नामकरण गरेका हुन् (लम्साल, २०७०, पृ. ८२) । यिनीहरूको बसोबास सुनसरी र मोरङ्ग जिल्लामा छ। सुनसरी जिल्लाका इटहरी, दुहबी, सोनापुर, औरावनी, सिमरीया, राजगञ्ज सिनुवारी, सत्तेर झोडा, बेलगाछिया, छिटाहा, पूर्व कुशाहा, भलुवा, चिमडी, तनमुना, अमडवा, मधेली गाउँबस्तीहरू यिनीहरूका बसोबास क्षेत्र हुन् । मोरङ्ग जिल्लामा भने विराटनगर, कटहरी, झोराहाट, बैजनाथपुर, टङ्कीसिनवारी, थलाहा, मिर्गौलिया, हरैंचा, दुलारी, सुन्दरपुर, लखन्तरी, सिदराहा, भौंडाहा, तेतरिया, हात्तिमुडा, बवियाबिर्ता, मोतीपुर, डङ्ग्राहा, भाथिगछ, शिसबनी बडहरा, बानिगामा, कसेनी, बेलवारी, डाँगिहाट, बाहुनी, होक्लाबारी, हसन्दह, पथरी, बयरवन, केरौनजस्ता विभिन्न गाउँबस्तीहरूमा यिनीहरूको बसोबास पाइन्छ ।

मोरङिया थारूका मौलिक सामाजिक, सांस्कृतिक, धार्मिक विशेषता यो जातिलाई चिनाउने प्रमुख आधार हुन् । यो समुदायमा प्रचलनमा रहेका लोकप्रथा, प्रथाजनित कानुन तथा लोकविश्वाससँग सम्बन्धित पक्षहरू आफ्नै प्रकारका छन् । यिनीहरू जातीय कानुन, लोकविश्वासका साथै व्यावहारिक आचारसंहिता पालनगर्नु आफ्नो धर्म, दायित्व र कर्तव्य ठान्दछन् । यो समुदायका अपनत्व तथा मौलिक पहिचानका आधार मानिने त्यस्ता विषयमा उतिधेरै अध्ययन अनुसन्धान हुन सकेको छैन । यस पक्षसँग सम्बन्धित स्रोत-सामग्री पनि उतिधेरै पाइँदैनन् । निसन्देहः आंशिक रूपमा भए तापनि उक्त खाँचो परिपूर्ति गर्ने उद्देश्यले *मोरङ्गिया थारू समुदायमा प्रथाजनित कानुन एवम् लोकविश्वास* शीर्षकको यो अनुसन्धान गरिएको हो ।

## अध्ययनका समस्या

नेपालमा बसोबास गर्ने धेरै जातजातिका बारेमा विभिन्न दृष्टिकोणबाट मनग्य अध्ययन अनुसन्धान भएका छन् । केही समुदाय यस्ता छन्, जसका विषयमा हिजोआजसम्म पनि पर्याप्त शोधखोज हुन सकेको देखिँदैन । अध्ययन अनुसन्धान भएगरेका समुदायको पनि सबै पक्षलाई समेटेको अवस्था छैन । पर्याप्त अध्ययन भएको तर सबै क्षेत्र र पक्ष समेटिन नसकेको एउटा जातीय समुदाय मोरङिया थारू पनि हो । यो समुदायका विशेषतः मौलिक प्रथा, नेतृत्व प्रणाली, प्रथाजनित कानुन र लोकविश्वासका विषयमा शोधखोज गरिएका सामग्री पर्याप्त छैनन् । उक्त पक्षलाई मोरङिया थारू जातिको अध्ययनसँग जोडिएको समस्या मान्नुपर्दछ । प्रस्तुत लेख मूलतः माथि उल्लिखित जिज्ञासाको समाधान र अनुसन्धान अभाव परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको हो । समग्रमा प्रस्तुत लेखले तपसिलका समस्यालाई सम्बोधन गरेको छ ।

- मोरङिया थारू जातिका प्रथाजनित कानुन के के हुन् ? केकस्ता प्रकृतिका छन् ?
- मोरङिया थारू समुदायमा प्रचलनमा रहेका लोकविश्वास के के हुन् ? तिनीहरूको प्रकृति कस्तो छ ?

## अनुसन्धानको उद्देश्य

प्रस्तुत अनुसन्धान मोरङिया थारू जातिका प्रचलनमा रहेको प्रथाजनित कानुन एवम् लोकविश्वाससँग सम्बन्धित विविध पक्षको विश्लेषणगर्ने प्रमुख उद्देश्यका साथ सम्पन्न गरिएको हो । यस क्रममा सामान्य उद्देश्यको रूपमा मोरङिया थारू जातिको चिनारी, जनसङ्ख्या, बसोबास जस्ता पक्षको पनि विवेचना गरिएको छ । विशिष्ट उद्देश्य भने यस प्रकार छन्:

- मोरङिया थारू जातिका प्रथाजनित कानुनसँग सम्बन्धित विविध पक्षको अन्वेषण तथा विवेचना गर्नु ।
- यस जातिमा प्रचलनमा रहेका लोकविश्वाससँग सम्बन्धित विविध पक्षको पहिचान एवम् विश्लेषण गर्नु ।

## पूर्वकार्य समीक्षा एवम् सैद्धान्तिक अवधारणा निर्माण

यस अध्ययनका निमित्त सैद्धान्तिक अवधारणा निर्माण क्रममा जिविस मोरङ (२०६५) को जिल्ला पार्श्वचित्र (अद्यावधिक) २०६४, आइ.एल.ओ. (२००९) को अभ्यासमा आदिवासी जनजाति अधिकार, सन्तलाल मेचे (२०६८) को मेचे इतिहास र संस्कृति, अपारकुमार लम्साल (२०७०) को मोरङ्गिया थारूको सामाजिक–सांस्कृतिक जीवन परम्परा र परिवर्तन, छबिलाल कोपिला (२०७१) को थारू जातिको अट्वारी पर्वः एक चर्चा, मदनगोपाल श्रेष्ठ र लोकनाथ  दुलाल (२०७१) को रामेछाप जिल्ला भलुवाजोर गाविसमा बसोबास गर्ने माझी जातिका अमूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान तथा संरक्षण सम्वर्द्धन, महेशराज दाहाल (२०७२) को थारू जातिमा प्रचलित लोकविश्वास, लोकनाथ दुलाल (२०७४) को तामाङ्ग समुदायका मौलिक संस्था, नेतृत्व प्रणाली र प्रथाजनित कानुन, (२०७६) सुरेल जातिका लोकप्रथा, प्रथाजनित कानुन एवम् लोकविश्वास र कृष्णराज सर्वहारी (२०७६) को थारू जातिका अमूर्त सम्पदाः एक झलक जस्ता लेख, ग्रन्थ अनुसन्धान प्रतिवेदनको समीक्षा गरिएको छ ।

उक्त लेख, ग्रन्थ अनुसन्धान प्रतिवेदनमा प्रथा तथा मौलिक संस्था, प्रथाजनित कानुन, लोकविश्वास जस्ता पक्षका विषयमा विस्तृत विवेचना पाइन्छ । त्यसो हुँदा प्रथा तथा मौलिक संस्था के हुन् ? प्रथाजनित कानुन के हो ? लोकविश्वास के हुन् ? समग्रमा के कस्ता अभ्यास प्रणालीहरूलाई प्रथा तथा मौलिक संस्था, प्रथाजनित कानुन र लोकविश्वासअन्तर्गत राख्न सकिन्छ ? भन्ने पक्षको आधारभूत ज्ञान माथि उल्लिखित स्रोत तथा सामग्रीहरूले दिन्छन् । यद्यपि मोरङिया थारू जातिका प्रथाजनित कानुन र लोकविश्वासका विषयमा भने उक्त स्रोत तथा सामग्रीहरूमा उतिधेरै विवेचना पाइँदैन । यो पक्ष यस क्षेत्रमा आजसम्म सम्पादन गरिएका अध्ययन अनुसन्धानको लुप्त अभाव हो । निसन्देहः यस अध्ययनका निमित्त सैद्धान्तिक अवधारणा निर्माण गर्ने कार्यमा भने उक्त लेख, ग्रन्थ अनुसन्धान प्रतिवेदनले सहयोग गरेका छन् ।

## अनुसन्धान विधि

यो अनुसन्धान विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुबन्धित छ । यसमा सङ्ख्यात्मकभन्दा गुणात्मक तथ्याङ्क प्रयोग गरिएका छन् । प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क एवम् सूचनाको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनका क्रममा मोरङ्ग जिल्लाका विराटनगर, कटहरी, झोराहाट, बैजनाथपुर, टङ्कीसिनबारी, थलाहा, लखन्तरी, सिदराहा, भौँडाहा, तेतरिया, भाथिगछ, वनिगामा,

कसेनी, बेलबारी, डाँगिहाट, बाहुनीजस्ता विभिन्न गाउँबस्तीहरूमा कार्यक्षेत्र बनाई अध्ययन गरिएको हो । स्थलगत अध्ययनमा अवलोकन र अन्तर्वार्ता विधि प्रयोग गरिएको थियो । द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका हुन् । अन्तर्वार्ताका क्रममा १० जना उत्तरदातालाई सूचनाका स्रोत व्यक्तिका रूपमा लिई तथ्याङ्क र सूचना लिइएको हो । उक्त १० जनाको सामाजिक विशेषता तलको तालिकामा उल्लेख छ:

**सूचनाका स्रोत व्यक्तिको सामाजिक विशेषता विवरण**

| क्र.स. | ठेगाना | | लिङ्ग | | व्यवसाय | |
|---|---|---|---|---|---|---|
| | **स्थान** | **सङ्ख्या** | पुरुष | **महिला** | **पेसा** | **सङ्ख्या** |
| १ | विराटनगर ४ | १ | १ | | कृषि | ७ |
| २ | ग्रामथान गा.पा.१ र ५ | ६ | ४ | २ | शिक्षक | २ |
| ३ | बुढीगङ्गा २ | १ | १ | | नोकरी | १ |
| ४ | बेलबारी न.पा. ८ | २ | १ | १ | | |
| | जम्मा | १० | ७ | ३ | | १० |

यस अध्ययनका लागि आवश्यक प्राथमिक तथ्याङ्क अवलोकन तथा अन्तर्वार्ता विधिबाट सङ्कलन गरिएको हो । अवलोकन तथा अन्तर्वार्ता विधिबाट के-कस्ता तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको थियो । त्यसको विवरण तलको तालिकामा उल्लेख छ:

**तथ्याङ्क एवम् सूचना सङ्कलन प्रयोग गरिएको विधि र सङ्कलन गरिएका तथ्याङ्क एवम् सूचना**

| क्र.स. | प्रयोग गरिएको विधि | सङ्कलन गरिएका तथ्याङ्क एवम् सूचना |
|---|---|---|
| १ | **अवलोकन विधि** | चाडपर्व मनाउँदा वा संस्कार सम्पन्न गर्दा देवीदेवताको पूजा, तिलासकडा वा तिलासङ्क्रान्ति मनाउँदा बिहानै घर लिपपोत गर्ने, ठाडिव्रतमा रहेका व्रतालु तथा कीर्तनियाहरू बाटो हिँड्दा मोड्नुपर्ने ठाउँआएमा बायाँतर्फ मात्र मोडिनुपर्ने, छोरा प्राप्त होस् भन्ने कामनाका साथ गरिएको भए एकजोर परेवासहित पाठो र छोरीका लागि गरिएको भए पाठी बलि चढाउने, नेमान पूजा प्रत्येक वर्ष गर्ने, पूजागर्दा परिवारका सदस्यहरू उपवास बस्ने तथा आँगनमा चिउरा कुट्दा निस्कने भुस बाल्ने, नयाँ घरमा देवीदेवता स्थापनन गर्दा भान्छघरका लागि तयार गरेको ठाउँमा लिपपोत गरी शुद्धपार्ने, भान्छीघरको भित्तामा पञ्चदेउती प्रतीक स्वरूप एउटा सानो कपडाको झोला झुन्ड्याउने जस्ता प्रथा तथा प्रथाजनित कानुन र लोकविश्वासको अभ्यासको अवस्थासँग सम्बन्धित तथ्याङ्क एवम् सूचना । |

| | | |
|---|---|---|
| २ | **अन्तर्वार्ता विधि** | सुत्केरीले नचोखिइकन देवीदेवताको पूजा गर्न नपाइने प्रचलन, नयाँ घर बनाएपछि कुलदेवता, गोसाई देवता, ठाकुर देवताको प्रतिष्ठापन गर्न नेमान नामक विशेष पूजा गर्ने परम्परा, परिवारबाट भिन्न भई नयाँघरमा बसोवास गरेपछि विशेष चोरखेलियाजस्ता पर्व मनाउँदा वा विवाह संस्कार सम्पन्न गर्ने, असल सन्तान प्राप्तिको कामना साथ लक्ष्मीडाँडी भगवतीका नाममा कौला (भाकल) गर्ने परम्परा, झामक्का पर्व, अखडिया पूजा, गव पूजा, विषहरा पूजा, चरचना पर्व, जितिया पर्व, तिलासकडा वा तिलासङ्क्रान्ति, विजयादशमी, सुखराइत, चोरखेलिया पर्व, नेमान नामक विशेष पूजा, ग्रामथानपूजा जस्ता चाडवाड सम्पन्न गर्ने विधिविधानसँग सम्बन्धित तथ्याङ्क एवम् सूचना । |

## नतिजा तथा छलफल

यो प्राथमिक तथा द्वितीयक तथ्याङ्क सङ्कलन र विश्लेषणमा आधारित अध्ययन हो । विवेचनापछि अनुसन्धानको उपलब्धिका रूपमा मोरङ्गिया थारू समुदायमा प्रचलनमा रहेको प्रथाजनित कानुन तथा लोकविश्वाससँग सम्बन्धित विविध पक्षको वास्तविक अवस्था यहाँ समावेश गरिएको छ । यस क्रममा प्रथाजनित कानुनसम्बन्धी अवधारणा, मोरङिया थारू जातिमा प्रथाजनित कानुन, लोकविश्वाससम्बन्धी अवधारणा, मोरङिया थारू जातिमा लोकविश्वास, अभ्यासको अवस्था, संरक्षण-संवर्द्धनको आवश्यकता उपशीर्षकअन्तर्गत सम्बन्धित पक्ष प्रविष्ट गरी निष्कर्ष प्रस्तुत गरिएको हो ।

## प्रथाजनित कानुनसम्बन्धी अवधारणा

प्रथाजनित कानुन कुनै पनि जातजाति, जनजाति समुदायमा परम्परादेखि निरन्तर अभ्यासमा ल्याइएको मौलिक तथा अलिखित नियम हो । जातीय मूल्यमान्यता, रीतिरिवाज, चालचलन, धर्म, संस्कृति तथा परम्पराका आधारमा समाज एवम् समुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्न निर्माण गरिएको सामुदायिक नीति नियमको मौखिक वा अलिखित दस्तावेजलाई प्रथाजनित कानुन भनिन्छ (दुलाल, २०७४, पृ. १०९) । समाज सञ्चालन तथा विकास गर्नका लागि समाजमा विभिन्न किसिमका ऐन कानुनहरूको निर्माण तथा व्यवस्था गरिएको हुन्छ । प्रत्येक जाति, वर्ग, समुदाय तथा राष्ट्रका आ-आफ्नै नियम कानुन हुन्छन् । तिनै वैधानिक परम्पराको आधारमा जातजाति, समाज, समुदाय र राष्ट्र सञ्चालित हुने गर्दछन् । जातीय मूल्यमान्यता तथा परम्परामा आधारित त्यस्ता कानुनी प्रावधान प्रथाजनित कानुन हुन् (मेचे, २०६८, पृ. ४२५) ।

प्रत्येक जातीय समुदायका आफ्नै प्रकारका मूल्यमान्यता, आचारसंहिता र नियम कानुन हुने गर्दछन् । सामुदायिक नीति, नियम, परहेज, अनुशासन, मूल्यमान्यता, आचारसंहिता व्यवहार, वैधानिक परम्पराजस्ता विधि विधानलाई प्रथाजनित कानुन भन्ने गरिन्छ (श्रेष्ठ र दुलाल, २०७१, पृ. ३४) । संयुक्त राष्ट्रसङ्घीय आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्रको धारा ३४ र धारा ३५ मा प्रथाजनित कानुनलाई परिभाषित गरेका सन्दर्भ पाइन्छन् । आइएलओ (२००९, पृ.८२) को प्रकाशित गरेको प्रतिवेदनको धारा ३४ र ३५ ले गरेको परिभाषामा भनिएको छः

आदिवासी जनजातिहरूको अधिकार प्रवर्द्धन, विकासगर्ने र उनीहरूको संस्थागत संरचनाका साथै पृथक्खाले प्रथा, परम्परा, पद्धति, चलन र विद्यमान अवस्था अनुरूपको अन्तर्राष्ट्रिय मानवअधिकारका

मापदण्डसँग मेल खाने कानुनी पद्धति वा प्रचलनसँग सम्बन्धित विशेषत मौखिक परम्परामा आधारित आचारसंहिता प्रथाजनित कानुन हुन् । यस्ता कानुनी पद्धति, प्रथा तथा प्रचलनहरू सम्बन्धित समुदायका उत्थान, उन्नयन, नियन्त्रण र निगमनका प्रमुख आधार र स्रोत मानिन्छन् । समग्रमा प्रथाजनित कानुन आदिवासी जनजातिहरूले आफ्नो समुदायका सदस्यहरूका बिचमा जिम्मेवारी तथा दायित्व निर्धारण, वितरण, बाँडफाँड र व्यवस्थापनका निमित्त औपचारिक रूपमा सुनिश्चित गरेको अधिकार हो ।

जातजाति एवम् जनजातिहरूका समाज एवम् समुदायमा परम्परादेखि सक्रिय एवम् प्रभावकारी रूपमा समाजलाई नियन्त्रित तथा मर्यादित बनाउन निश्चित मूल्यमान्यता, रीतिरिवाज, आचार, नियम, मर्यादाहरू क्रियाशील रहँदै आएका छन् । यिनीहरूलाई प्रथाजनित कानुनका रूपमा लिने गरिन्छ । कतिपय सन्दर्भहरूमा हाम्रो राज्यको नियम कानुनभन्दा समुदायका कानुनहरू बढी शक्तिशाली एवम् प्रभावकारी हुने गर्दछन् । यस सन्दर्भबाट जातजाति  जनजाति समुदायमा प्रचलनमा रहेका मूल्यमान्यता, मर्यादा, नियमकानुनहरू राज्यको मूल कानुनभन्दा महत्त्वपूर्ण र प्रभावकारी रूपमा क्रियाशील रहन्छन् भन्ने बुझ्न सकिन्छ । कतिपय समाज एवम् समुदायहरू आफ्नै प्रकारका प्रथाजनित कानुनहरूबाट नियन्त्रित भएका देखिन्छन् । यस सन्दर्भमा आइएलओ (२००९, पृ.८१) ले भनेको छः

> अन्तर्राष्ट्रिय श्रम सङ्गठन, महासन्धि १६९ को धारा १ मा उल्लेख भएअनुसार सम्बन्धित समूहमा राष्ट्रिय कानुन तथा नियमावलीहरू लागु गर्दा उनीहरूको परम्परा वा परम्परागत कानुनहरूलाई उचित ध्यान दिइने छ । धारा २ मा सम्बन्धित समूहलाई राष्ट्रिय कानुन पद्धतिले मान्यता दिएका आधारभूत अधिकारहरू तथा अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानव अधिकारसँग मेल खाने गरी आफ्नो परम्परा तथा संस्थालाई निरन्तरता दिने अधिकार हुने छ । यो सिद्धान्तलाई लागुगर्दा उत्पन्न हुनसक्ने द्वन्द्वहरूको समाधानका लागि आवश्यक भएको अवस्थामा उपर्युक्त प्रावधानहरूको निर्माण गरिने छ ।

उक्त विवेचनाका आधारमा के भन्न सकिन्छ भने प्रथाजनित कानुन मूल्यमान्यता, रीतिरिवाज, चालचलन, धर्म, संस्कृति तथा परम्परामा आधारित जातजाति, जनजाति समुदायमा परम्परादेखि निरन्तर अभ्यासमा ल्याइएको मौलिक तथा अलिखित नियम हो । यसलाई जातीय समाज एवम् समुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्न निर्माण गरिएको मौखिक वा अलिखित वैधानिक दस्तावेज मान्न सकिन्छ । प्रथाजनित कानुन आदिवासी जनजातिहरूलाई नियन्त्रण, नियमन र अनुशासित बनाउने मात्र होइन उनीहरूको अधिकार प्रवर्द्धन, विकास र संस्थागत संरचनाको उन्नयन गर्ने अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डसँग मेल खाने मौलिक आधार हुन् । कतिपय सन्दर्भहरूमा राज्यको नियम कानुनभन्दा समुदायका प्रथाजनित कानुनहरू बढी शक्तिशाली एवम् प्रभावकारी हुने गर्दछन् ।

## मोरङिया थारू जातिमा प्रथाजनित कानुन

प्रथाजनित कानुन जातजाति, जनजाति समुदायका मौखिक परम्परामा आधारित नियम कानुन हुन् । त्यस्ता प्रचलनहरू सम्बन्धित जातिका अलिखित वैधानिक परम्परा मानिन्छन् । समुदायलाई नियन्त्रित र निर्देशित गर्दै आदर्श समाज निर्माण गर्ने कार्यमा प्रथाजनित व्यवहारले उल्लेखनीय योगदान पुऱ्याउँदछ । थारू समुदायमा प्रथाजनित कानुनको आफ्नै किसिमको महत्त्व छ । यसको निर्माण र पारित गर्ने प्रक्रिया र पद्धति पनि मौलिक प्रचलनमा आधारित छन् । यस सन्दर्भमा सर्वहारी (२०७६, पृ.१४) लेख्दछन्:

थारू समुदायमा माघी पर्वको विशेष महत्त्व छ। यो चाड नयाँ वर्षका रूपमा मनाउँदछन्। थारू समुदायमा यो पर्वलाई वर्षभरिको आयव्ययको जानकारी दिने र नियम बाँध्ने चाडका रूपमा लिने प्रचलन छ। माघी पर्व मनाउने क्रममा माघको ३ गते गरढुरियाहरूको ख्याल (बैठक) बसाउँछन्। बैठकले विभिन्न विषयमा छलफल गरी गाउँसञ्चालनको नियम बनाउने र पारितगर्ने कार्य गर्दछ। पहिला यस्तो नियम मौखिक परम्परामा आधारित हुन्थ्यो । हिजोआज भने लिखित हुन थालेको छ। लिखित दस्तावेज तयार गर्न छुट्टै लिखन्डरियाको व्यवस्थापन गर्दछन्।

मोरङ क्षेत्रमा बसोबासगर्ने थारू समुदायमा पनि परम्परादेखि प्रचलनमा रहेका आफ्नै प्रकारका मूल्यमान्यता, मर्यादा, नियमकानुन तथा परहेजहरू पाइन्छन् । समाजलाई नियन्त्रित र निर्देशित गर्ने कार्यमा ती व्यवहारहरूले प्रथाजनित कानुन कै रूपमा भूमिका निर्वाह गरेको देखिन्छ । समग्रमा यो समुदायमा अभ्यास गरिँदै आएका प्रथाजनित कानुनतुल्य व्यवहारहरू यस प्रकार छन्:

- चाडपर्व मनाउँदा वा संस्कार सम्पन्न गर्दा देवीदेवताको पूजा अनिवार्य रूपमा गर्ने, घरबाट वा बाहिरबाट आउँदा देवीदेवतालाई अभिवादन चढाउँने एवम् जुठोसुतक परेको परिवारका कोही व्यक्तिले तथा सुत्केरीले नचोखिईकन देवीदेवताको पूजा गर्न नपाइने प्रचलन ।
- तिलासकडा वा तिलासङ्क्रान्ति मनाउँदा बिहानै घर लिपपोत गरी सफासुग्घर गर्ने तथा त्रिवेणीमा (तीनवटा खोलाको सङ्गम) गएर स्नान गरी फर्किएपछि घरमा आगोमा तिल हालेर खरानीको टीका लगाउने चलन (लम्साल, २०७०, पृ.३३१)।
- मोरङका थारू समुदायमा ठाडिव्रतमा रहेका व्रतालु तथा कीर्तनियाहरू बाटो हिँड्दा मोड्नुपर्ने ठाउँ आएमा बायाँतर्फ मात्र मोडिनुपर्ने दायाँतर्फ मोडिन नपाइने ।
- मोरङका थारू समुदायमा ठाडिव्रत विभिन्न कामना पूरा होओस् भनेर बस्दछन् । छोरा प्राप्त होस् भन्ने कामनाका साथ गरिएको भए एकजोर परेवासहित पाठो र छोरीका लागि गरिएको भए पाठी बलि चढाउने ।
- नयाँ घर बनाएपछि कुलदेवता, गोसाई देवता, ठाकुर देवताको प्रतिष्ठापन गर्न नेमान नामक विशेष पूजा गर्ने परम्परा ।
- नेमान पूजा प्रत्येक वर्षगर्ने, पूजागर्दा परिवारका सदस्यहरू उपबास बस्ने तथा आँगनमा चिउरा कुट्दा निस्कने भुस बाल्ने प्रचलन ।
- घरमा कोठाको उत्तरपूर्व दिशामा (ईशान कोण) कुलदेवताको स्थापना गर्ने चलन छ। यद्यपि कोही ठोकरा थारूहरूमा भने घरभित्र नभएर आँगनमा ठाकुरघरा नामको छुट्टै घर बनाई पञ्चदेउती प्रतिष्ठापना गर्ने गर्दछन्।
- परिवारबाट भिन्न भई नयाँ घरमा बसोबास गरेपछि विशेष चोरखेलियाजस्ता पर्व मनाउँदा वा विवाह संस्कार सम्पन्न गर्दा मात्र धामीद्वारा धार्मिक विधिविधानका साथ देवीदेवताको प्रतिष्ठापनाका लागि शिरपाटगर्ने प्रचलन ।
- नयाँ घरमा देवीदेवता स्थापन गर्दा भान्छाघरका लागि तयार गरेको ठाउँमा लिपपोतगरी शुद्धपार्ने, "पुर" नामान्त भएका सात ठाउँको माटो, सखुवाको रुखफेदको माटो, मूल घरको देवीदेवतासँग बिन्तीभाउ गरेर कसैले नदेख्ने वा थाहा नपाउने गरी नबोली त्यहाँका थानको माटो ल्याएर आफ्नो घरको बनाउने ठाउँमा राख्दछन् । धामीले अलिकति सिन्दूरमा मन्त्र उच्चारणपछि घरका महिलाले भित्तामा सोही सिन्दूरबाट धर्का कोरेर देवीदेवता स्थापनाको सुरुवात गर्दछिन्

भने पुरुष सदस्यले नवस्थापित देवीदेवतालाई चामल, पानको पात, सुपारी, तुलसीको पात र पाठो वा परेवा बलिदिई पूजा गर्ने चलन (लम्साल,२०७०, पृ.२७५)।

- मोरङका थारू समुदायमा पूजा उपासना गरिने एक देवी लक्ष्मीडाँडी हुन् । असल सन्तान प्राप्तिको कामना साथ यिनका नाममा कौला (भाकल) गर्ने परम्परा छ। कौला गरी सन्तान प्राप्त भएको भए तिनीहरूको विवाह गर्दा उक्त अवसरमा लक्ष्मीडाँडीको प्रतीक स्वरूप स-सना केटा र केटीका बिचमा विधिपूर्वक विवाह गरिदिने गर्दछन् ।
- मोरङका थारू समुदायमा भन्छीघरको भित्तामा पञ्चदेउती प्रतीक स्वरूप एउटा सानो कपडाको झोला झुण्ड्याउने चलन छ । यस स्थानमा घरका प्रत्येक सदस्यको विवाहमा एउटा चुरा, कल्ली, कपडाको सानो टुक्राजस्ता स्त्री शृङ्गारका सामानहरू थप्दै जान्छन् ।
- घरजमाइले भन्छीघरका देवीदेवता, एङ्ना (भित्र आँगन), सिद्वार (बाहिरी आँगन) का देवीदेवता, गोठका देवीदेवताको पूजा गर्न हुँदैन । अलग घर बनाएर बसेमा आफ्नो घरबाट देवीदेवताल्याई स्थापना गर्नसक्ने परम्परा भने छ ।
- विवाहका बेलामा भन्छीघरमा चढाएको पाठाको मासु आफ्नो दियादबाहेक अन्यले खान नहुने ।
- डिहबारनी बालवच्चाको संरक्षिकाका भएकाले बच्चाको जन्म भएपछि आउने पहिलो ग्रामथान पूजामा यिनलाई दोरी (कोक्रो) चढाउने ।
- घर परिसरमा बाहिरका दृश्य-अदृश्य खराब तत्त्व अथवा शक्ति, भूत-पिशाच, डैन, रोगव्याधिलाई द्वारपालका रूपमा रहेका हनुमान्ले रोकेर मानिसहरूलाई बचाउँछन् भन्ने मनोविज्ञानले गोसाईघर स्थापना गर्ने चलन ।
- गैंया देवताको पूजा गरेर हिंडेपछि बाटोमा बाधा–अड्चन नआउने विश्वासका साथ छोराको विवाह गरेर ल्याउँदा गैंयाको पूजा गरेपछि मात्र छोरा बुहारीलाई घरभित्र प्रवेश गराउने परम्परा ।
- प्रत्येक थारूहरूले घर बनाएपछि आफूले प्रयोग गरेका निर्माण सामग्री नै प्रयोग गरी सानो स्वरूपमा एउटा घरको आकृति ग्रामथानमा बनाउने चलन ।

## लोकविश्वाससम्बन्धी अवधारणा

लोकशब्द संस्कृत भाषाको *लोक् दर्शने* धातुमा *घञ्* प्रत्यय लागेर बनेको शब्द हो । लोक शब्द ज्यादै प्राचीन मानिन्छ । साधारण जनता बुझाउँनका लागि ऋग्वेदमा यो शब्दको प्रयोग धेरै ठाउँमा भएको छ (उपाध्याय, १९९८, पृ. ९) । लोक मानिसको व्यापक समूह बुझाउने शब्द हो । लोकआस्था र जनविश्वासलाई लोकविश्वास भनिन्छ । परम्परादेखि चलिआएका रीतिथिति, चालचलन तथा व्यवहारको प्रवाहबाट लोकविश्वाससँग सम्बन्धित मूल्य मान्यता निर्माण हुन्छ । अनेक किसिमका जनविश्वासहरूले जुनसुकै समाजको जीवनशैली निर्धारित, निर्देशित र व्यवस्थित गर्दछन् । श्रद्धाबाट उत्पन्न भएका विश्वासहरू सामाजिक संरचनाको विकासको गतिशीलतामा महत्त्वपूर्ण जीवनधाराका रूपमा प्रतिष्ठित हुन्छन् (दाहाल, २०७२, पृ.७०-७१) ।

देवीदेवता, भूतप्रेत, धामीझाँक्री, पृथ्वी, आकाश, स्वर्ग, नर्क, रोगव्याधि, शुभ अशुभजस्ता धारणासँग सम्बन्धित थुप्रै घटनाहरू लोकविश्वासका आधार हुन् । विभिन्न तत्त्व एवम् शक्तिहरू माथिको आशा, भरोसा एवम् सोही अनुकूलको जीवन शैलीलाई लोकविश्वास भन्न सकिन्छ (दुलाल, २०७६, पृ. ८०) । यस सन्दर्भमा बन्धु (२०६६, पृ.१५) ले भनेका छन्:

लोकले परम्परादेखि मान्दै आएको धर्म लोकधर्म हो । लोकका आफ्ना विश्वास र मान्यताहरू पनि हुन्छन्, जसको प्रचलन प्राचीन कालदेखि अहिलेसम्म हुँदै आएको छ । यी विश्वास एवम् मान्यताहरू नै लोकविश्वास हुन् । लोकविश्वासअन्तर्गत विश्व ब्रह्माण्ड, प्रकृति, पशुपङ्क्षी, रुखपात, दिन, महिना, स्वप्न, सकुनजस्ता लोकप्रचलित विश्वासहरू र भूत, प्रेत, डाकिनी, बोक्सी, जादु, धामी, झाँक्रीजस्ता जनविश्वास एवम् तीसँग सम्बन्धित लोकव्यवहार पर्दछन् ।

मानिसको सङ्गठित र एकीकृत व्यापक समूहलाई लोक भनिन्छ । नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हो । त्यसैले नेपालको सन्दर्भमा लोकले ग्रामीण समाज बुझाउँदछ । लोकरीति र लोकव्यवहारमा जीवनका संस्कारहरू, चाडपर्व, व्रत, उपवास र पूजाविधि, सम्मान र अभिवादनविधि, धर्म, विश्वास र मान्यताका सबै अभिव्यक्तिहरू पर्दछन् । धर्म, धार्मिक सम्प्रदाय, देउदेउता, अलौकिक शक्ति भूतप्रेतजस्ता पक्ष तथा तत्त्वप्रतिको मानसम्मान एवम् आस्था भनेको लोकविश्वास हो । कुनै अलौकिक शक्ति एवम् घटनामाथिको जनमानसको आस्थालाई नै लोकविश्वास मानिन्छ । यसअन्तर्गत धर्म, धार्मिक मत, देवी देवताप्रतिको आस्था, भूतप्रेतप्रतिको सामूहिक स्वीकार्यता, पूजा, अर्चना, देवोपासना, आराधनाजस्ता क्रियाकलापहरू पर्दछन् । धर्म, धार्मिक मत, देउदेउता, भूतप्रेत, रोगव्याधि, पशुपङ्क्षी, जीवन, बालीनालीजस्ता पक्षसँग सम्बन्धित लोकविश्वास पाइन्छन् ।

**मोरङिया थारू जातिमा लोकविश्वास**

प्रथाजनित कानुन सरह नै लोकविश्वास पनि जातजाति, जनजाति समुदायमा प्रचलनमा रहेका मौखिक परम्परामा आधारित व्यवहार हुन् । सम्बन्धित समुदायलाई नियन्त्रित र निर्देशित गर्दै आदर्श समाज निर्माण गर्ने कार्यमा लोकविश्वासले निर्वाह गरेको भूमिका उल्लेखनीय छ । जातीय मूल्यमान्यता तथा संस्कृतिअनुसार लोकविश्वास फरकफरक पाइन्छन् । मानवीय श्रद्धाबाट निर्मित लोकविश्वासको सङ्ख्या असाध्यै धेरै छ । थारू समुदायमा प्रचलित लोकविश्वास पनि धेरै छन् । ती विश्वासहरूलाई धर्म, देवीदेवता, संस्कार, व्यवसायसँग सम्बन्धित विश्वास र अन्य प्रचलित विश्वासका रूपमा वर्गीकरण गर्न सकिन्छ (दाहाल, २०७२, पृ.७०-७१) ।

माथि उल्लिखित वर्गीकरण विशेषतः मूलभूत विषयका आधारमा गरिएको हो । यी पक्षअन्तर्गत लोकविश्वाससँग सम्बन्धित थुप्रै व्यवहारहरू पर्दछन् । समग्रमा मोरङ क्षेत्रमा बसोबासगर्ने थारू समुदायमा परम्परादेखि प्रचलनमा रहेका लोकविश्वासतुल्य व्यवहारहरू यस प्रकार छन्ः

- मोरङका थारू समुदायमा झामक्का पर्व मनाउने चलन छ । यो एक प्रकारको खेल हो । यो खेल युवाहरूका बिचमा लोकप्रिय छ । यो खेलमा सहभागी भएका युवाहरूले भुइँमा सर्प जस्तै लडिबुडी गर्दै एकअर्कामा हिलो छ्यापाछ्याप गर्दछन् । यसो गरेमा भगवान् इन्द्र खुसी भई वर्षा गराउँछन् भन्ने विश्वास पाइन्छ ।
- अखडिया पूजा गर्दा वस्तुभाउलाई रोग लाग्दैन, खोलानालाले बगाउँदैन र तिनीहरूले खानका निम्ति प्रयोग गरिने खोलानालाको पानी शुद्ध हुन्छ भन्ने विश्वास गरिन्छ (लम्साल,२०७०, पृ.३१५) ।
- मोरङका थारू समुदायमा मनाइने उल्लेख्य पर्व गव पूजा हो । गव पूजा धान रोप्न औपचारिक रूपमा प्रारम्भ गर्ने पर्व मानिन्छ । गवपूजा गर्दा रोपिने दुईवटा धानका गाभामा गाजल लगाई दिन्छन् । पूजा गर्ने मानिसलाई अरूहरूले भुइँमा लडाई घिसार्दै हिलो छ्याप्छन् । यसो गरेमा

धानमा कसैको आँखा लाग्दैन, अन्नबालीमा सह आउँछ र खेत मलिलो भई अनाजको उत्पादनमा वृद्धि हुने विश्वास पाइन्छ ।

- मोरङका थारू समुदायमा मनाइने अर्को पर्व विषहरा पूजा हो । यो पर्व सर्प वा नागको पूजासँग सम्बन्धित छ । यो समुदायका मानिसहरू विषहरा पूजा नदीखोला वा खेतमा गर्दछन् । यसो गरेमा सर्प वा नागले टोक्दैन, आफ्ना ठाउँमा शान्तसँग बस्छन् भन्ने विश्वास छ । साथै विषहरा पूजाको प्रसाद घरमा लैजाने गर्दैनन् । घर लगेमा सर्प आउने र सधैँ मगन्ते भइन्छ भन्ने यिनीहरूमा विश्वास छ ।
- चरचना पर्व मनाउँदा नरिवल, केरा, फलफूल, पानपत्ता, आँपको पत्ता, खिर, सुहारीजस्ता प्रसादजन्य सामग्रीले भरिएको थालीसहित चन्द्रमाको दर्शन गर्दछन् । फलफूलविना चन्द्रमाको दर्शन गर्दा अशुभ हुन्छ । यस पर्वमा चन्द्रमालाई अपर्ण गरिने पूजा सामग्री शुद्ध हुनु पर्ने कसैले जुठो पारेमा सम्बन्धित व्यक्तिलाई पाण्डुरोग लाग्छ भन्ने विश्वास (दाहाल, २०७२, पृ.७२) ।
- जितिया पर्वमा भगवान् सूर्यका पुत्र जितमहलको पूजा-उपासना गर्दछन् । सन्तान दीर्घजीवी, उत्साही र ऐश्वर्यशाली हुन्छन् । पर्वको तेस्रो दिन भगवान्को मूलपूजामा भएका सामग्रीमध्ये पाँचगेडा चामल, केराउको गेडा र सुपारी पवनेतीले आफै नखाई कोही अर्का महिलालाई दिएमा त्यो व्यक्ति आफ्नै सौता हुने जनविश्वास छ ।
- तिलासकडा वा तिलासङ्क्रान्ति विशेषतः सन्तानका निम्ति मनाइने पर्व हो । यो पर्व मनाउँदा सन्तान नहुनेको सन्तान प्राप्त हुने तथा भएकाहरूको असल बन्नेका साथै त्रिवेणीमा माघिस्नान गर्दा मनोकामना पूरा हुने तथा सम्पूर्ण पाप कट्ने र मोक्ष मिल्ने विश्वास गरिन्छ (दाहाल,२०७२, पृ.७२) ।
- मोरङका थारू समुदायमा विजया दशमीको सप्तमीका दिन घरको मूल ढोकाको छेउको भित्ता तथा भन्छीघरमा चिटफुट (पिठोको लेदोमा हात चोबेर भित्तामा लगाइएको पञ्जाछाप) बनाउने परम्परा छ । यसो गरेमा देवीदेवताहरू खुसी हुने र घरमा खराब आत्म प्रवेश गर्दैनन् भन्ने विश्वास पाइन्छ ।
- सुखराइतको तेस्रो दिन बिहानै महिलाहरू विशेषतः आफ्नो धान खेत घुम्न जान्छन् । यसो गरेमा धानका फूल वा दुधमा गेडा लाग्ने र धेरै फल्ने मान्यता छ ।
- चोरखेलीया पर्वमा ढोकाको छेउमा बाहिर फर्किएर महिलाले आफ्नो अचराको पुच्छरको धोक्रो थाप्ने चोरलाई पूजा गर्दछन् । चोरले ढोका बाहिरबाट उक्त धोक्रोमा धान राखिदिने चलन छ । यसो गरेमा धनधान्यले परिपूर्ण हुन्छ भन्ने विश्वास प्रचलनमा छ ।
- मोरङका थारू समुदायमा नेमान नामक विशेष पूजा गर्ने परम्परा छ । यस बखत विशेषतः चिउरा कुट्दा निस्कने भुस आँगनमा बाल्दछन् । त्यसबाट निस्कने धुँवाले घरभित्र कुनै खराब आत्मलाई प्रवेश गर्न दिँदैन र दैवीप्रकोप, रोगव्याधि तथा हैजामहामारी जस्ता दुःख कष्ट घरपरिवारमा आइपर्दैन भन्ने विश्वास पाइन्छ ।
- पञ्चदेउतीको प्रतीक स्वरूप भन्छीघरको भित्तामा झुन्ड्याइएको झोलामा काठका ढाल र तरबारका स-साना आकृतिहरू राखिएका हुन्छन् । मुलुकमा कुनै समस्या वा लडाईं हुने सम्भावना भएमा ती आकृतिहरू बिस्तारै बढ्दछन् । बलिदिए पछि शान्त हुन्छन् भन्ने विश्वास (लम्साल,२०७०, पृ.२७८-२७९) ।

- पञ्चदेउती भएको ठाउँमा कुपी वा मट्टितेल लिएर जान नहुने तथा भोलामा राखेका चुराहरू रातको समयमा कहिले कहीँ बजे भने पञ्चदेउती बाहिर जाँदैछिन् भन्ने विश्वास ।
- पञ्चदेउती चिल बनेर उड्न सक्दछिन् । भन्छीघरमा दोरी (कोक्रो) मा बच्चा राखेर घरका ठुला मान्छे काममा निस्किएपछि पनि बच्चाको सुरक्षा तिनै पञ्चदेउतीले गर्दछिन् भन्ने विश्वास पाइन्छ (लम्साल, २०७०, पृ. २८१) ।
- डिहबारनी बसोबासकी वा घडेरीकी अर्थात् वास्तुसम्बन्धी देवी हुन् । उनी खुसी नभएमा घरमा चेकडी (माटाको डल्ला) फालेर दुःख दिन्छिन् । यिनको पूजा गर्दा दुःख कष्ट, रोगव्याधि नलाग्ने, उन्नति मात्र हुने विश्वास ।
- मलङ देवता रातको समयमा निस्केमा भूतप्रेत भाग्दछन् । यिनको आकृति भयङ्कर हुने भएकोले उनको आकृतिलाई देखेर कोही डरायो भने त्यस व्यक्तिको तुरुन्त मृत्यु हुन सक्छ । नडराईकन बस्यो भने उनीसँग मागेका कुरा पूरा हुन्छ भन्ने विश्वास ।
- आगो, माछा मार्ने जाल, बयरको काँडा, कुचो आदि खराब आत्मा भगाउने तत्त्व हुन् । त्यसैले आमा र नवजात शिशुलाई खराब आत्माले छुन नसकोस् भनेर सुत्केरी घरको बाहिर वर्सीमा आगो बाल्ने र अन्य सामग्री सुत्केरी घरको ढोका छेउमा राख्दछन् । बजारमा कुनै सामान बेच्न जाँदा ढाकीमा बयरको काँडा राखेर जाने चलन पनि छ ।
- पहेँलो रङ्गले भूतप्रेत भगाउने भएकाले विवाहमा बेहुला–बेहुलीको शरीरमा पहेँलो बेसार दल्ने ।
- बच्चाको निधारमा लगाइने कालो टीका, घरबारीमा भुन्डाएर राखिएको सेतो र कालो रङ्गका धब्बा लगाइएका हाँडी राखिदिएमा खराब नजर लाग्दैन भन्ने विश्वास ।
- खेतमा कपडाको मानिस जस्तो आकारको जोगवार बनाएर राखिदिएमा जङ्गली जनावरका साथै अनिष्टकारी तत्त्वले बालीनाली बिगार गर्दैन भन्ने विश्वास ।
- ओभाले भारफूक गरेर कालो कपडामा कुटरीयावेङ (भ्यागुतो) बेरेर बिरामीको कम्मरमा बाँधिदिएमा भूतप्रेत, डाकिन लगायत सबै किसिमका अनिष्टकारी तत्त्व भाग्ने र बिरामीलाई सञ्चो हुन्छ भन्ने विश्वास ।
- हाक्कीहुक्का पर्वका दिन टेक्ठी बनाएर खेतमा, घरमा, गोठमा राखिदिँदा खराब आत्माले आफ्नो बालीनाली, घरलाई हानि–नोक्सानी पुर्‍याउन सक्दैनन् भन्ने विश्वास (लम्साल,२०७०, पृ. २९८) ।
- धामीले केराको पातमा सिन्दूर र काजल घोटी भूतप्रेतको प्रतीक बनाएर त्यसमाथि गजरा राखेर टुक्राटुक्रा पारेर मन्त्रोचारण गर्दै काटे भने बिरामी सञ्चो हुन्छ भन्ने विश्वास ।
- नरसिंहको नाम लिएमा भूतप्रेतले केही गर्न सक्तैन भन्ने विश्वासले थारू धामीले कुनै विरामीलाई फुकफाक गर्दा भन्ने मन्त्रको अन्त्यमा "दोहाई नरसिंह" भन्दछन् ।
- निषिपूजाका दिन थानभित्र बालिएका दियोको तेल र खरानी लगेर महिलाले आफ्नो टाउकोमा लगाएमा मोहनी लाग्ने र बलि दिएका पशुपङ्क्षीको मासु घरमा लगे अनिष्ट हुन्छ भन्ने धारणा छ । अतः त्यसै ठाउँमा काटकुट पारी बनाएर उपस्थित सबैले चिउरासँग खान्छन् ।
- ग्रामथानपूजामा बलि दिनुअघि त्यो पशुपङ्क्षीलाई चामलपानी, सिन्दूर आदिले पूजा गर्दै टाउकोमा पानी छर्किइन्छ । जबसम्म त्यो जन्तुले टाउको हल्लाउँदैन तबसम्म त्यो राजी नभएको र देवताले पनि स्वीकार नगरेको विश्वास गरी बलि दिइँदैन । टाउको हल्लाएपछि मात्र त्यसले स्वीकृति दिएको र देवताले पनि स्वीकार गरेको विश्वास गर्दछन् ।

**अभ्यासको अवस्था**

भाषा, पहिरन, खानपान, बानी व्यवहार, धर्म एवम् धार्मिक मत, पूजाउपासना विधि, लोकप्रथा, प्रथाजनित कानुन र लोकविश्वासजस्ता पक्ष एकअर्का समुदायलाई अलग बनाउने आधार हुन् । यी पक्ष अमूर्त संस्कृतिअन्तर्गत पर्ने जातीय पहिचानका मूलभूत तत्त्व मानिन्छन् । लोकप्रथा, प्रथाजनित कानुन र लोकविश्वास माथि उल्लिखित अन्य सांस्कृतिक आयामहरूभन्दा केही पृथक र विशिष्ठ अवयव हुन् । यी अमूर्त संस्कृति मात्र होइनन् । यिनलाई कुनै पनि जातीय समुदायका सांस्कृतिक क्रियाकलाप अनुशासित, मर्यादित, प्रभावकारी, व्यवस्थित र नियमनगर्ने नीतिनियम आचारसंहिता मान्न सकिन्छ ।

मोरङ क्षेत्रका थारू जातिलाई पनि अन्य समुदायभन्दा भिन्न देखाउने प्रमुख तत्त्व यिनै हुन् । यिनै सांस्कृतिक आयामहरूले मोरङका थारू जातिलाई चिनाउने तथा उनीहरूको छुट्टै पहिचान स्थापित गर्न मद्दत गरेका छन् ।  प्रथाजनित कानुन र लोकविश्वासले त चिनाउने मात्र होइन यो समुदायलाई सङ्गठित, एकीकृत तथा समायोजन गर्ने भूमिका निर्वाह गरेको छ । मोरङका थारू समुदायमा विगत केही वर्षसम्म पनि प्रथाजनित कानुन तथा लोकविश्वाससँग सम्बन्धित माथि उल्लिखित विविध पक्षहरू प्रचलनमा थिए । यस्ता परम्परागत सामाजिक एकाई, नेतृत्व, आचार संहिता र लोकविश्वासले सम्बन्धित समुदाय सञ्चालन गर्ने कार्यमा सकारात्मक भूमिका खेल्दथे । समाजमा प्रत्येक गतिविधिसँग यी परम्पराहरू जोडिन्थे ।

हिजोआज केही प्रथाजनित कानुन र लोकविश्वासको प्रयोग पूर्ण रूपमा गर्न छाडेका छन् । कतिपय भने विस्तारै छोड्दै गएको अवस्था छ । केही अस्तित्वमा त छन् तर उतिधेरै अभ्यास गरिँदैनन् । कतिपय भने तत्कालीन समयमा पनि प्रचलनमा छन् । समग्रमा अभ्यास गर्ने कार्यमा कमी आउन थालेको देखिन्छ । यस्ता परम्पराहरू हाम्रा सांस्कृतिक सम्पदा हुन् । निरन्तर प्रयोग गर्नु पर्दछ भन्ने कुराको ज्ञान युवा पुस्तामा धेरै कम पाइन्छ । यद्यपि हिजोआज आफ्नो संस्कृति संरक्षण गर्ने उद्देश्यले थारू समुदायले विभिन्न संस्थाहरू स्थापना गरेका छन् । त्यस्ता संस्थामार्फत् पुनः सांस्कृतिक परम्पराको संरक्षण गर्नेतर्फ स्थानीयहरू क्रियाशील हुन थालेको देखिन्छ । यो यस क्षेत्रको सकारात्मक र उल्लेखनीय पक्ष हो ।

**संरक्षण-संवर्द्धनको आवश्यकता**

दुनियाका सबैजसो मुलुकहरूमा बसोबास गर्ने आदिवासी जनजातिहरूका मौलिक प्रथा एवम् प्रथाजनित कानुन हुन्छन् । यी प्रचलन सम्बन्धित समुदायको मौलिक पहिचानका आधार हुन् । प्रथाजनित कानुनलाई सम्बन्धित मुलुकहरूले बिस्तारै राष्ट्रिय कानुनी पद्धतिमा समावेश गर्दै व्यावहारिक प्रयोग गर्न थालेको देखिन्छ । प्रथा एवम् प्रथाजनित कानुनको प्रयोगका सन्दर्भमा आइएलओ (२००९, पृ. ८६-८९) भनेको छ :

> ल्याटिन अमेरिकाले आदिवासी जनजातिका प्रथाजनित कानुनलाई सन् १९९० मा राष्ट्रिय कानुन पद्धतिमा समावेश गऱ्यो । इक्वेडरमा कानुनी बहुलतालाई सन् १९९८ देखि मान्यता दिइयो । बोलिभिया, कोलम्बिया, मेक्सिको, निकारागुवा, पराग्वे, पेरू, भेनेज्वेला, बङ्गलादेश, केन्या, फिनल्याण्ड, डेनमार्क, फिलिपिन्स जस्ता मुलुकहरूले समेत स्थानीय आदिवासी जनजातिका प्रथा र प्रथाजनित कानुनलाई राष्ट्रिय कानुनी पद्दतिमा समावेश गरी सकेका छन् ।

नेपालमा धेरैको सङ्ख्यामा जातजाति, जनजाति समुदायको बसोबास पाइन्छ । ती जातजाति जनजातिका छुट्टाछुट्टै प्रथा, प्रथाजनिन कानुन र सांस्कृतिक विशेषता छन् । यतिबेला राज्यले सबै

समुदायका मौलिक प्रथा, नेतृत्वप्रणाली र प्रथाजनित कानुनलाई सम्मान गर्ने नीतिलिएको छ । सांस्कृतिक परम्पराको पहिचान, वर्गीकरण, संरक्षण संवर्द्धन गर्ने कार्यमा जोड दिँदैआएको देखिन्छ । यसको व्यवस्था २०७२ मा जारी नेपालको संविधानको भाग ३ को धारा ३२ मा भाषा तथा संस्कृतिको हकसम्बन्धी महलले गरेको छ । उक्त धाराका ३ वटा दफामा व्यवस्था गरेअनुसार दफा १ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक, दफा २ मा प्रत्येक व्यक्ति र समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक र दफा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुने छ भनिएको छ (नेपाल सरकार, २०७२, पृ.१४) । संवैधानिक यो व्यवस्थाले जातीय पहिचानको आधार मानिने प्रथा र प्रथाजनित कानुनलाई राष्ट्रिय कानुनी पद्दतिमा समावेश गरेको सङ्केत गर्दछ । थारू समुदायमा यो प्रथाको संरक्षण र अभ्यासका सन्दर्भमा कोपिला (२०७१, पृ.२)ले लेखेका छन्:

> माघीपर्व मनाउँदा गाउँको नियम बाँध्ने प्रचलन छ । प्रत्येक वर्ष माघको ३ गते बस्ने गरढुरियाहरूको ख्याल (वैठक) ले गाउँ सञ्चालनको नियम निर्माण गरी पारित गर्दछ । मौखिक परम्परामा आधारित नियमलाई हिजोआज भने लिखित दस्तावेज तयार पार्न थालेका छन् । लोकतान्त्रिक ढङ्गले थारू समुदायमा अगुवा चुन्ने र नीति निर्माण गर्ने चलनले गाउँलाई अनुशासित तुल्याउनुका साथै मर्यादित बनाउन सहयोग पुऱ्याएको छ । यसको महत्त्वलाई मध्यनजर गर्दै विगतका केही वर्षदेखि गाउँ तथा जिल्लास्तरमा बरघर समिति पनि गठन हुन थालेका छन् । यो परम्परा अबका दिनमा लोकतान्त्रिक समृद्ध संस्कृतिको विकास गर्न सकिने विश्वासको आधार पनि हो ।

माथि उल्लिखित सन्दर्भले आफ्नो समुदायको मौलिक पहिचान तथा जातीय अनुशासन स्थापनाको आधार मानिने प्रथा कानुनलाई संरक्षण संवर्द्धन गर्न प्रारम्भ गरिएको सङ्केत गर्दछ । थारू जातिमा प्रथाजनित कानुन एवम् लोकविश्वाससँग सम्बन्धित आफ्नै किसिमका मूल्यमान्यता, आस्था र व्यवहारहरू छन् । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३२ मा भाषा तथा संस्कृतिको हकसम्बन्धी महलले गरेको व्यवस्थाले मात्र सांस्कृतिक परम्पराहरूको संरक्षण संवर्द्धन हुन्छ भन्ने छैन । यसतर्फ सम्बन्धित समुदायले नै बढी हेक्का राख्ने तथा गम्भीर हुनुपर्ने देखिन्छ । प्रथा, परम्परा, जातीय कानुन र लोकविश्वासका उत्पादक सम्बन्धित समुदायका सदस्य हुन् । सांस्कृतिक परम्पराका प्रथम उपभोक्ता पनि उनीहरू नै मानिन्छन् । निरन्तर अभ्यास गर्दै संरक्षण संवर्द्धन गर्ने पहिलो जिम्मेवारी र दायित्व पनि सम्बन्धित समुदाय र उसका सदस्यहरू कै हो । त्यसपछि मात्र अन्य नागरिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था र राज्यको हुन्छ । समग्रमा प्रथाजनित कानुन र लोकविश्वास हाम्रो संस्कृति हो । यसको संरक्षण संवर्द्धनले मात्र अन्तर्राष्ट्रिय जगत्मा हाम्रो चिनारी र छवि स्थापित हुन्छ । पहिचान जोगिन्छ ।

## निष्कर्ष

जनसङ्ख्याका आधारमा थारू जाति चौथो ठुलो समुदायअन्तर्गत पर्दछ । क्षेत्री, ब्राह्मण र मगर समुदाय जनसङ्ख्याका दृष्टिकोणले थारूभन्दा ठुला हुन् । अझ मोरङ जिल्लामा पहाडे ब्राह्मण र क्षेत्रीपछि तेस्रो स्थानमा थारू जाति देखिन्छन् । धार्मिक, सामाजिक संरचना र सांस्कृतिक परम्पराका दृष्टिले पनि मोरङ जिल्लामा थारू जाति अन्यभन्दा कम छैनन् । प्रथाजनित कानुन तथा लोकविश्वास अमूर्त संस्कृतिअन्तर्गत पर्ने जातीय पहिचानको मूलभूत पक्ष हो । लामो समयदेखि निरन्तर प्रचलनमा रहेका

मौखिक परम्परामा आधारित आचारसंहिता, नीतिनियम र व्यवहार प्रथाजनित कानुनभित्र पर्ने विषय हुन् । लोकले पुस्तौंपुस्तादेखि आत्मसात गर्दैआएका मूल्यमान्यता एवम् आस्थालाई लोकविश्वास मानिन्छ ।

समाजलाई व्यवस्थित, मर्यादित, अनुशासित राख्न यो जातिमा प्रथाजनित कानुन तथा लोकविश्वासले उल्लेखनीय भूमिका निर्वाह गर्दैआएका छन् । व्यक्तिलाई सामाजिकीकरण तथा सशक्तीकरण गर्नेदेखि समाजलाई सुसङ्गठित तुल्याउने प्रक्रियामा यस्ता परम्पराहरूको महत्त्व उल्लेख योग्य देखिन्छ । यो समुदायमा चाडपर्व मनाउँदा वा संस्कार सम्पन्न गर्दा देवीदेवताको पूजा, तिलासकडा वा तिलासङ्क्रान्ति मनाउँदा बिहानै घर लिपपोत गर्ने, ठाडिव्रतमा रहेका व्रतालु तथा कीर्तनियाहरू बाटो हिँड्दा मोड्नुपर्ने ठाउँआएमा बायाँतर्फ मात्र मोडिनुपर्ने, छोरा प्राप्त होस् भन्ने कामनाका साथ गरिएको भए एकजोर परेवासहित पाठो र छोरीका लागि गरिएको भए पाठी बलि चढाउने, नेमान पूजा प्रत्येक वर्षगर्ने, पूजागर्दा परिवारका सदस्यहरू उपवास बस्ने तथा आँगनमा चिउरा कुट्दा निस्कने भुस बाल्ने, नयाँ घरमा देवीदेवता स्थापनगर्दा भन्छीघरका लागि तयार गरेको ठाउँमा लिपपोतगरी शुद्धपार्ने, भन्छीघरको भित्तामा पञ्चदेउती प्रतीक स्वरूप एउटा सानो कपडाको झोला झुन्ड्याउने परम्परा छ ।

सुत्केरीले नचोखिईकन देवीदेवताको पूजा गर्न नपाइने, नयाँ घर बनाएपछि कुलदेवता, गोसाई देवता, ठाकुर देवताको प्रतिष्ठापना गर्न नेमान नामक विशेष पूजा गर्ने, परिवारबाट भिन्न भई नयाँ घरमा बसोबास गरेपछि विशेष चोरखेलियाजस्ता पर्व मनाउँदा वा विवाह संस्कार सम्पन्न गर्ने, असल सन्तान प्राप्तिको कामना साथ कौला (भाकल) गर्ने, झामक्का पर्व, अखडिया पूजा, गव पूजा, विषहरा पूजा, चरचना पर्व, जितिया पर्व, तिलासकडा वा तिलासङ्क्रान्ति, विजयादशमी, सुखराइत, चोरखेलीया पर्व, नेमान नामक विशेष पूजा, ग्रामथानपूजा जस्ता चाडवाड सम्पन्न गर्ने विधिविधानसँग सम्बन्धित प्रथा तथा प्रथाजनित कानुन एवमे लोकविश्वाससँग सम्बन्धित परम्परा हुन् ।

यद्यपि हिजोआज समाजलाई नियमित र निर्देशित गर्ने प्रथाजनित कानुन र लोकविश्वासको अभ्यास पहिलाको जस्तो गर्न छाडेका छन् । कतिपय व्यवहारहरू अभ्यास गर्न छाडिएको अवस्था छ । केही भने क्रमशः प्रयोगविहीन हुँदै जाँदा लोपोन्मुख अवस्थामा पुगेका छन् । थारू जातिलाई अन्य समुदायबाट पृथक् बनाउने र देखाउने प्रमुख आधार उक्त सांस्कृतिक परम्परा नै हुन् । यी सांस्कृतिक सम्पदाको संरक्षण संवर्द्धन गर्ने पहिलो जिम्मेवारी र दायित्व सम्बन्धित समुदायकै हो । जोगाउन र बचाउन सके त्यसबाट प्राप्त हुने लाभको पहिलो उपभोक्ता पनि सम्बन्धित समुदाय नै मानिन्छन् । त्यसो हुँदा मौलिकताको परिचायक मानिने प्रथाजनित कानुन र लोकविश्वासको संरक्षण संवर्द्धनका निमित्त यो समुदाय गम्भीर एवम् चनाखो हुनुपर्ने देखिन्छ ।

## सन्दर्भसूची

आइ.एल.ओ. (२००९). *अभ्यासमा आदिवासी जनजाति अधिकार.* काठमाडौं : अन्तर्राष्ट्रिय श्रम सङ्गठन ।

उपाध्याय, कृष्णदेव (१९९८). *लोक साहित्यकी भूमिका.* इलाहवादः साहित्य भवन प्रा.लि., सातौं संस्करण ।

कोपिला, छबिलाल (२०७१). थारू जातिको अट्वारी पर्वः एक चर्चा. *नागरिक दैनिक.* काठमाडौं : नागरिक दैनिक प्रकाशन. पृ.२ ।

जिविस, मोरङ्ग (२०६५). *जिल्ला पार्श्वचित्र (अद्यावधिक) २०६४.* विराटनगर : जिविस कार्यालय. सूचना तथा अभिलेख केन्द्र ।

दाहाल, महेशराज (२०७२). थारू जातिमा प्रचलित लोकविश्वास. *Voice of Culture* (Vol. VII), काठमाडौँ : संस्कृति विभाग. पद्मकन्या बहुमुखी क्याम्पस, अनुसन्धान समिति (पृ. ७०-७३) ।

दुलाल, लोकनाथ (२०७४). तामाङ्ग समुदायका मौलिक संस्था. नेतृत्व प्रणाली र प्रथाजनित कानुन. (प्रज्ञा, अङ्क १, पूर्णाङ्क ११५), काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान. (पृ. १०३-११४) ।

दुलाल, लोकनाथ (२०७६). सुरेल जातिका लोकप्रथा. प्रथाजनित कानुन एवम् लोकविश्वास. *अमूर्त संस्कृति.* (वर्ष ३, अङ्क३), काठमाडौँः नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय, (पृ. ७४-८२) ।

नेपाल सरकार (२०७२). नेपालको संविधान. काठमाडौँ : कानुनी किताब व्यवस्था समिति ।

बन्धु, चूडामणि (२०६६). *नेपाली लोक साहित्य.* काठमाडौँ : एकता बुक्स एन्ड डिस्ट्रीब्युटर्स ।

मेचे, सन्तलाल (२०६८). *मेचे इतिहास र संस्कृति.* झापा : श्रीमती बिना मेचे ।

लम्साल, अपारकुमार (२०७०). *मोरङ्गिया थारूको सामाजिक–सांस्कृतिक जीवन परम्परा र परिवर्तन.* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयमा नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत ।

सर्वहारी, कृष्णराज (२०७६). थारू जातिका अमूर्त सम्पदाः एक झलक. *अमूर्त संस्कृति* (वर्ष ३, अङ्क ३), काठमाडौँः नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (पृष्ठ १२-१७) ।

श्रेष्ठ, मदनगोपाल र लोकनाथ दुलाल (२०७१). *रामेछाप जिल्ला भलुवाजोर गाविसमा बसोबास गर्ने माझी जातिका अमूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान तथा संरक्षण संवर्द्धन.* काठमाडौँ : संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाशाखा (अ.प्र. प्रतिवेदन) ।

C.B.S. (2012) *National Population & Housing Census-2011*, (*National Report*) Govt. of Nepal National Planning Commission, 2012.